# प्रेस-विज्ञप्ति

**३० औं अन्तर्राष्ट्रिय १६ दिने महिला हिंसा विरुद्ध अभियान २०२१ को सन्दर्भमा महिला अधिकार तथा सामाजिक न्यायमा संघर्षरत् सामाजिक संघसंस्था तथा अभियानकर्ताहरूबाट जारी गरिएको अपिल**

"राष्ट्रिय नाराः "घरैदेखि शुरुगरौं, महिला विरुद्धको हिंसा अन्त्य गरौं"

महिलामाथि हुने हिंसा मानव अधिकार हनन्को सवाल हो भन्ने मान्यता स्थापित गर्दै सोहीअनुरुप काम गर्न सबै राष्ट्र तथा संयुक्त राष्ट्र संघलगायत अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवाला निकायलाई आह्वान गर्ने लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानलाई आजै (महिला हिंसा विरुद्धको अन्तर्राष्ट्रिय दिवस)को दिनबाट विश्वभर मनाउन थालेको ३० वर्ष भइसकेको छ। १६ दिने अभियानको शुरुवात नेपालमा वि.सं. २०५४ सालदेखि भएको पाइन्छ र यस अवधिमा विविध महिला विरुद्ध हुने हिंसाका सवालमा सचेतना र पैरवीमूलक कार्यक्रमहरू सञ्चालन गरी मनाउँदै आएको छ। तथापि नेपाल सरकारको मन्त्रीपरिषद्ले भने २०७५ सालमा आएर मात्र लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानलाई सामाजिक सचेतना सहित प्रत्येक वर्ष सबै स्थानीय पालिका, प्रदेश तथा संघमा सञ्चालन गर्ने निर्णय गरेको थियो।

नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ। समान नागरिक, समान सहभागिता, सामाजिक सुरक्षा, कानूनको पालना र आर्थिक समृद्धिलाई संविधानमा प्रमुख प्राथमिकताका साथ राखिएको छ। नेपाल सरकारले लैङ्गिक हिंसाको सम्बोधनका लागि नीतिगत व्यवस्थाका साथै विभिन्न कार्यक्रम तय गरेको छ। वर्ष २०७६ लाई नेपाल सरकारले लैङ्गिक हिंसा विरुद्धको अभियान वर्षको रूपमा घोषणा गरी मनाईयो, गत वर्ष २०७७ मा राष्ट्रिय लैङ्गिक समानता नीति पारित गरी लागू भयो जसका आधारमा स्थानीयतहदेखि प्रदेश तहसम्म विभिन्न नीतिहरू तय भए। यद्यपि यस्ता हिंसाहरूमा कुनै कमी आउन सकेको छैन। महिला भएकै कारण हुने विभेदका परिणामस्वरुप महिलामाथि हुने हिंसाले निरन्तरता पाइरहेको छ। महिला भित्रको विविधताको सवालमा लैङ्गिक तथा यौनिक अल्पसंख्यकको पहिचानको मुद्धा, समाजिक दुर्व्यवहार भोग्नु पर्ने परिस्थिति, अपाङ्गता भएका व्यक्तिको श्रोत माथि पहुँचको सवाल र सामाजिक न्यायविहीनताको अवस्थाले महिलाविरुद्धको हिंसा संरचनागत विभेदको परिणाम हो भन्ने प्रष्ट पारेको छ।

हरेक दिन महिलाले व्यक्तिगतदेखि सार्वजनिक क्षेत्रमा कुनै न कुनै प्रकारको हिंसाको सामना गरिरहनुपरेको स्थिति छ। मुलुकको लैङ्गिक विकासको वस्तुस्थिति हेर्दा पनि नेपाल कम लैङ्गिक विकास भएको देशको वर्गमा अर्थात विश्वको १४५ औं स्थानमा परेको अवस्था छ। त्यसै गरी नेपाल एशियाली मुलुकमध्ये सबैभन्दा कम लैङ्गिक विकास भएको देशको सूचीमा छ। महिला विरुद्धको हिंसा सार्वजनिक वा निजी जीवनमा लिङ्गका आधारमा हुने हिंसाजन्य कार्य हो, जसले महिलालाई शारीरिक, यौनजन्य वा मानसिक क्षति पुऱ्याउँछ। यसको अन्त्य गर्न "संरचनागत असमानताबाट सिर्जित भेदभाव अन्तर्निहित कारणहरूको" सम्बोधन हुनु आवश्यक छ। यो तब मात्र सम्भव छ, जब राज्यले "बालिका र महिलाले आफ्नो स्वपहिचान"का साथ जीवनयापन गर्न पाउने अधिकार सुनिश्चित हुने वातावरण सिर्जना गर्छ, जव लैङ्गिक समानतालाई विकास र समृद्धिका सवालका रूपमा स्थापित गर्छ। त्यसो नगरेसम्म देशमा दिगो विकास, समानता, शान्ति र समृद्धिको स्थापना हुन सक्दैन।

आर्थिक वर्ष २०७७/७८ को तथ्याङ्क हेर्ने हो भने नेपाल प्रहरीमा १४ हजार २ सय ३२ वटा उजुरी आएका मध्ये सबैभन्दा धेरै घरेलु हिंसा कै रहेको छ। यो तथ्याङ्कले हिंसा सहन हुन्न भन्ने चेतना महिलामा केही बढेको देखिन्छ। तर घरभित्र भएका धेरैजसो हिंसाका घटना अझैपनि प्रहरीमाँ पुग्न सकेका छैनन्। हिंसाको चरम अवस्थामा पुगेपछिमात्र पीडित प्रहरीकहाँ पुग्ने गरेको पाइन्छ। यसले महिला तथा किशोरीहरू घरभित्रै असुरक्षित रहेको कुरा पुष्टि गर्दछ।

ओरेकले यसवर्ष १ हजार ७ सय ७२ वटा घटना अभिलेख गरी बहिङ्गम् अध्ययन गर्दा सबैभन्दा बढी महिला घरेलु हिंसाबाट प्रभावित भएको पाइएको छ। प्राप्त तथ्याङ्कका आधारमा सबैभन्दा बढी ६३ प्रतिशत (१,११६ जना) महिलामाथि आफ्नै घरभित्र हिंसा भएको छ र हिंसा गर्नेहरूमध्ये सबैभन्दा बढी आफ्नै श्रीमान् र घरपरिवारका सदस्यहरू छन्। कुल घरेलु हिंसा मध्ये ७७ प्रतिशत (८६० जना) महिला श्रीमान्बाट र २३ प्रतिशत (२५०) महिला घरपरिवारका सदस्यबाट हिंसामा परेका छन्। यसरी घरेलु हिंसा सहन बाध्य महिलामध्ये सबैभन्दा बढी २६ देखि ३५ वर्ष उमेर समूहका ४२ प्रतिशत (४६४ जना) र १७ देखि २५ वर्ष उमेर समूहका ३३ प्रतिशत (३७१ जना) रहेका छन्। यो तथ्याङ्कले सक्रियरूपमा प्रजनन् उमेरमा रहेका महिलामाथि धेरै हिंसा भएको पाइएको छ। साथै

बालिका, किशोरी र महिलाहरूका लागि सार्वजनिक स्थल पनि सुरक्षित नरहेको र विभिन्न किसिमका हिंसाको सामना गर्नुपरेको तथ्य छ । नेपालमा राष्ट्रिय महिला आयोगका अनुसार पनि पहिलो र दोश्रो बन्दाबन्दीको अवधिमा महिलामाथि हुने हिंसामा ११ प्रतिशतले वृद्धि भएको देखिएको छ । यसले अहिलेको अवस्थामा लैङ्गिक हिंसाको अवस्था विकराल रहेको पुष्टि हुन्छ ।

नेपालको कुल जनसंख्याको आधाभन्दा बढी हिस्सा (५०.४%) ओगटेका महिलाहरूको सामाजिक, आर्थिक, राजनीतिक, प्रशासनिक लगायतका सबै क्षेत्रमा पुरुषको तुलनामा पहुँच र उपस्थिति न्यून छ । अझ पनि महिलाहरूको समान नागरिकको हैसियतमा पहिचान स्थापित हुन सकेको छैन । महिलाहरूको राजनैतिक सहभागितामा केही वृद्धि भए पनि निर्णायक तहमा पुरुषको बाहुल्य छ ।

## अपिल

महिला विरुद्धको हिंसा संरचनागत विभेदको परिणाम हो । यस विभेदको अन्त्यका लागि राज्यका हरेक संरचनामा रहेको पित्तृसत्तात्मक सोच र मूल्य मान्यताको अन्त्य जरुरी छ । लैङ्गिक समानता, महिलाको आफ्नो शरीरमाथिको निर्णय र गतिशीलताको अधिकार सुनिश्चित नभएसम्म महिलाहरू स्वतन्त्र र मर्यादित जीवन यापन गर्न पाउने अधिकारबाट वञ्चित हुन्छन् । यसर्थ, नेपालको संविधान, नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धताहरू पूर्ण पालना गर्दै, महिला भएकै कारणले भोग्नुपर्ने विभेद तथा हिंसाको अन्त्य गर्ने वातावरण तयार गर्न हामी अपिल गर्दछौं । दैनिक जीवनमा महिलाले भोग्दै आएका विभेद र हिंसाको कारण शारीरिक, मानसिक, आर्थिक र सामाजिक असर भोग्न बाध्य महिलाहरूका लागि पहुँचयोग्य र प्रभावकारी सहयोगी संयन्त्रहरू निर्माण गरी न्यायमा अधिकार सुनिश्चितता र सामाजिक न्यायको वातावरण तयार गर्न अपिल गर्दछौं ।

- लिङ्ग, यौनिक पहिचान, उमेर, जात, वर्ग, धर्म, स्रोत र सम्पत्तिमाथिको एकाधिकारका कारण परिवार र समाजमा रहेको असमान शक्तिसम्बन्धमा परिवर्तन नहुँदासम्म शक्तिको आडमा गर्ने शोषण, दमन, हिंसा रहिरहने भएकाले सबैखाले विभेदको अन्त्य र घरको कामको समान बाँडफाँटगरी शक्तिसम्बन्धमा रूपान्तरण गर्न नेपाल सरकारले योजना निर्माण गरी प्रभावकारी कार्यान्वयनमा जोड दिइयोस् ।
- बालिका, किशोरी र महिला विरुद्ध हुने भेदभाव विरुद्ध शून्य सहनशीलताको नीतिलाई स्थानीयदेखि संघीय स्तरसम्मका सबै संरचनाहरूमा प्रभावकारी रूपमा कार्यान्वयन गरियोस् ।
- महिलाले सम्मानित र स्वतन्त्र भएर जीवनयापन गर्न सक्ने वातावरण सिर्जनाका लागि राज्यका सबै स्थानीयदेखि संघीय तहसम्मका निकायहरूमा लैङ्गिक समानता नीतिको तर्जुमा गरी कार्यान्वयनमा ल्याईयोस् ।
- महिलाको शरीरलाई परिवार तथा समाजको इज्जतको रूपमा मात्रै हेर्ने अत्यन्तै हानिकारक र संकिर्ण सोचले महिलामाथि भइरहेका हिंसामा व्याप्त सामाजिक मौनताको संस्कृतिलाई निरन्तरता दिएको छ । यसका लागि विभेदपूर्ण सामाजिक संरचनाको रूपान्तरण गरी महिलामाथिका सम्पूर्ण भेदभावविरुद्ध शून्य सहनशीलताको नीतिलाई स्थानीयदेखि केन्द्रीय स्तरसम्मका सम्पूर्ण संरचनामा प्रभावकारी रूपमा कार्यान्वयन गरियोस् ।
- महिला हिंसामध्ये पनि यौन हिंसा, बलात्कार प्रभावितहरू, खासगरी बालिका एवं किशोरीहरूका लागि सरकारी तहबाट उचित संरक्षण, मनोसामाजिक परामर्श सेवा, सुरक्षित आवास, गुणस्तरीय र सर्वसुलभ शिक्षा तथा रोजगार एवं जीविकोपार्जनको भरपर्दो माध्यमको सुनिश्चित गर्दै आत्मसम्मान सहितको सामाजिक पुन:एकिकरणको यथाशिघ्र व्यवस्था गरियोस् ।
- महिला हिंसा प्रभावितहरूका लागि सरकारले उपलब्ध गराइ आएका सेवा सुविधाहरू उचित तरिकाले उपलब्ध छन् वा छैनन् भनेर अनुगमन तथा मूल्याङ्कन गर्ने संयन्त्र निर्माण गरिएको छैन । यो काम यथासक्य चाँडो गरियोस् ।
- महिला हिंसाविरुद्ध सक्रिय मानव अधिकारकर्मी, अभियन्ता तथा महिला अधिकारकर्मी संघसंस्थाहरू समेत असुरक्षित र त्रासमा काम गर्न परेको यथार्थलाई ध्यानमा राखी उनीहरूलाई सुरक्षित भएर काम गर्नसक्ने वातावरण समेत राज्यले निर्माण गर्नुपर्दछ । खासगरी समुदायस्तरमा कार्यरत व्यक्ति एवं समूहहरू महिला हिंसाका घटनालाई बाहिर ल्याउन र पीडित/प्रभावितलाई न्याय दिलाउन खेलेको भूमिकाका कारण त्रसित र असुरक्षित छन् । यस्ता क्रियाकलापलाई पूर्णत निषेध गर्नका लागि उचित कानूनी व्यवस्था एवं सामाजिक वातावारण निर्माण गर्न सरकारबाट पहल गरियोस् ।
- द्वन्द्वकालमा महिलामाथि भएका यौन तथा लैङ्गिक हिंसाका घटनाको उमेर, जाति, लिङ्ग र भौगोलिक क्षेत्रका आधारमा अनुसन्धान गरी हिंसाको प्रकृति र अवस्थाको आधारमा सामाजिक न्याय तथा महिला अधिकार सुनिश्चितताको लागि विशेष योजना तथा सशक्तिकरणका कार्यक्रमको व्यवस्था गरियोस् । साथै उनीहरूको आत्मसम्मान सहितको सत्य, न्याय र परिपूरणका लागि अविलम्ब व्यवस्था गरिनुका साथै संक्रमणकालीन न्यायलाई कानूनी व्याख्याको परिधिबाट फराकिलो पारी स्वन्याय, पारिवारिक न्याय र सामाजिक न्यायको अनुभूति गर्ने संयन्त्र र वातावरण निर्माण गरियोस् ।

- घरेलु श्रम तथा घरमा आधारित श्रम लगायत सबै सेवामूलक कामलाई उत्पादनमूलक कामको रूपमा गणना गर्दै, हरेक क्षेत्रमा क्रियाशील श्रमिक महिलाका लागि न्यायोचित ज्याला पाउने व्यवस्थाको व्यावहारिक कार्यान्वयनका निम्ति सघ, प्रदेश एवं, स्थानीयस्तरबाट नीतिगत व्यवस्था गरी कार्यान्वयनमा ल्याउन पहल गरियोस् ।
- संविधानमा व्यवस्था भएको सामाजिक सुरक्षाको हक सुनिश्चित गर्न, कृषि, ईट्टाभट्टा, गिट्टी कुट्ने, दैनिक ज्याला मजदुरी, घरेलु श्रमिक, वैदेशिक रोजगारी लगायतका विभिन्न जोखिमपूर्ण अवस्थामा कार्य गरिरहेका सबै महिलाहरूका लागि साथै अनौपचारिक क्षेत्रलाई औपचारिकीकरण गरी सामाजिक सुरक्षाको दायरामा ल्याउने व्यवस्था गरियोस् ।
- मनोरञ्जन लगायत पर्यटन, होटल, यातायात क्षेत्रमा कार्यरत श्रमिक महिलाहरूको श्रमको पहिचान र सम्मान गर्दै यस क्षेत्रमा कार्यरत श्रमिक महिलाको सवाललाई श्रम ऐन र सामाजिक सुरक्षा ऐनले व्यवस्था गरे बमोजिम कार्यविधि निर्माण गरी कार्यान्वयन गर्न र कार्यस्थललाई सुरक्षित बनाउन पहल गरियोस् ।
- संघीय, प्रादेशिक तथा स्थानीय सरकारले सार्वजनिक स्थानमा महिला विरुद्ध हुने हिंसाको सम्बोधन गर्दै महिलाको लागि सुरक्षित सार्वजनिक स्थान निर्माण गर्न आवश्यक ऐन, नीति, निर्देशिका तथा मापदण्डहरूको तर्जुमा गरियोस् ।
- यौन तथा प्रजनन् स्वास्थ्य अधिकार अत्यावश्यक र महŒवपूर्ण मानव अधिकार हो, कुनै पनि महिलालाई महिला अधिकार र यौन तथा प्रजनन् स्वास्थ्य अधिकारबाट वञ्चित नगरियोस् ।
- महामारी होस् वा प्राकृतिक प्रकोप, जस्तोसुकै विषम परिस्थितिमा पनि हिंसा प्रभावित महिलाले आफूमाथि भएको हिंसालाई सहज रूपमा उजुरी गर्ने र न्याय पाउने वातावरण तयार गर्न सबै स्थानीय तह तथा निकायले उजुरी लिने र आवश्यक सेवा प्रदान गर्ने कार्यलाई संवेदनशीलताका साथ प्रभावित केन्द्रित अवधारणाबाट प्रभावकारी रूपमा सञ्चालन गरिनु पर्दछ । यसका लागि हटलाइन तथा हेल्पलाइन नम्बरहरूको यथाशिघ्र विस्तार गर्न पहल गरियोस् ।
- अन्तर्राष्ट्रिय सन्धि सम्झौता विशेष गरी महिला विरुद्ध हुने सबै किसिमका विभेद उन्मुलन गर्ने महासन्धि (CEDAW) आर्थिक,सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी महासन्धी (UNESCR) र दिगो विकासका लक्ष्य कार्यान्वयनका लागि बनाइएको राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयन गरी बलियो अनुगमन संयन्त्रको स्थापना गरियोस् ।
- सबैखाले हानिकारक परम्परागत अभ्यासको अन्त्यका लागि स्थानीयदेखि राष्ट्रियस्तरसम्म रणनीति बनाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याईयोस् । साथै सरकार र राजनीतिक दल कै नेतृत्वमा यस्ता हानिकारक परम्परागत अभ्यासविरुद्ध आम सचेतनाका कार्यक्रमहरू व्यापक रूपमा सञ्चालन गरियोस् ।
- स्थानीयदेखि राष्ट्रियस्तरका न्यायिक एवं कानूनी निकायका प्रतिनिधिहरू महिला हिंसा र लैङ्गिक विभेद, शोषण र हिंसाप्रति संवेदनशील र सचेत बन्न आवश्यक छ । अधिकांश महिला हिंसाका घटनालाई कानूनी प्रक्रियामा लानुको सट्टा जवरजस्ती मेलमिलापमा लैजाने प्रवृत्तिको अन्त्य गरियोस् ।

*अन्तर्राष्ट्रिय नारा : Orange the World: End violence Against Women Now.*

## अपील जारी गर्ने नागरिक संघ संस्थाहरु :

| क्र.सं | सञ्जाल/सञ्जालमा आवद्ध संस्था (नेपाली नामको वर्णानुक्रमानुसार) | पदाधिकारीको नाम तथा पद |
|---|---|---|
| १. | महिला पुनर्स्थापना केन्द्र (ओरेक) | **लुभराज न्यौपाने, कार्यकारी निर्देशक** |
| २. | तरङ्गिनी फाउन्डेशन | **सुनिता भूखाजु, कार्यक्रम अधिकृत** |
| ३. | चेन्ज याक्सन नेपाल | **इन्दिरा घले, अध्यक्ष** |
| ४. | एटविन (AATWIN) | **बेनु माया गुरुङ, कार्यकारी निर्देशक** |
| ५. | नील हिरा समाज (Blue Diamond Society) | **संजय शर्मा, सहायक कार्यक्रम निर्देशक** |
| ६. | लायन्सक्लब अफ काठमाडौं चाइल्ड राइटस् | **हरिबोल आचार्य, सचिव** |
| ७. | जागृति महिला महासंघ | **सुनिता अधिकारी, अध्यक्ष** |
| ८. | अनौपचारीक क्षेत्र सेवा केन्द्र (INSEC) | **इन्दिरा श्रेष्ठ, अध्यक्ष** |

| क्र.सं | सञ्जाल/सञ्जालमा आवद्ध संस्था (नेपाली नामको वर्णानुक्रमानुसार) | पदाधिकारीको नाम तथा पद |
|---|---|---|
| ९. | जागृति बाल तथा युवा सरोकार नेपाल (JCYCN) | **राधा ढकाल, उपाध्यक्ष** |
| १०. | जुरी नेपाल | **मोहनलाल शर्मा, कार्यकारी निर्देशक** |
| ११. | ल्याक (LACC) | **अनिता न्यौपाने थपलिया , अध्यक्ष** |
| १२. | शक्ति मिलन समाज | **नाथिसरा राई, कार्यकारी निर्देशक** |
| १३. | ए बी सी नेपाल | **रक्षा ओझा, कार्यकारी निर्देशक** |
| १४. | नेपाल महिला एकता समाज | **भगवती अधिकारी, कार्यकारी निर्देशक** |
| १५. | सिविस | **बिमला ज्ञवाली, अध्यक्ष** |
| १६. | वोफोवोन | **गोमावती पुन (सिर्जना), कार्यकारी निर्देशक** |
| १७. | विश्वास नेपाल | **बालकुमारी आले, कार्यकारी निर्देशक** |
| १८. | पौरखी नेपाल | **मञ्जु गुरुङ, अध्यक्ष** |
| १९. | स्वतन्त्रता अभियान | **रितु भट्टा ,कार्यकारी निर्देशक** |
| २०. | शक्ति समूह | **बालकुमारी राना, अध्यक्ष** |
| २१. | सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल | **डोल्मा तामाङ, उपाध्यक्ष** |
| २२. | नेपाल अपाङ्ग महिला सँघ | **टिका दाहाल, अध्यक्ष** |
| २३. | शान्ति फाउन्डेशन | **सान्जा माया तामाङ, कार्यकारी निर्देशक** |
| २४. | बालिका अधिकार संरक्षणको लागि राष्ट्रिय संजाल | **श्रदा बर्मा, सचिवालय संयोजन** |
| २५. | बालमैत्री स्थानीय शासन मंच | **तिलोत्तम पौडेल, संयोजक** |
| २६. | सुरक्षित आप्रवासनका लागि राष्ट्रिय संजाल | **अशोक राना, अध्यक्ष** |
| २७. | कन्सर्न नेपाल | **डा विजय सैंजु, कार्यकारी निर्देशक** |

**सबै अपिल कर्ताहरुको तर्फबाट**



**लुभराज न्यौपाने**

**कार्यकारी निर्देशक, ओरेक**